## स्थानीय तहले समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजना कार्यन्वयन गर्दा अवलम्बन गर्नु पर्ने मार्गदर्शन एवं शर्तहरु

(क) आयोजना कार्यन्वयन गर्दा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ ले निर्धारण गरेको प्रक्रिया (आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिविलिटी स्टडी), ड्रइङ्ग डिजाइन र स्पेशिफिकेशन सहितको विस्तृत विवरण तयार) पूरा गरी कार्यविधिले तोकेको क्षेत्रमा मात्र खर्च गर्नु पर्ने ।

(ख) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० र ११ तथा समपूरक/विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा (३) बमोजिम स्थानीय तहबाट प्रस्तावित आयोजनाहरु मध्येबाट प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु पर्ने ।

(ग) समपूरक अनुदानको हकमा सम्बन्धित स्थानीय तहले अनिवार्य रुपमा ६० प्रतिशत खर्च ब्यहोर्ने सुनिश्चित गरेर मात्र खरिद प्रक्रिया अघि बढाउनु पर्ने ।

(घ) यस्ता आयोजनाहरु वहुवर्षीय खरिद प्रकृयामा जानुपर्ने भएमा स्थानीय संचित कोषबाट मात्र खर्च व्यवस्थापन गर्नु पर्ने ।

(ङ) छनौट भएका आयोजनाहरुमा थप अनुदान प्राप्त नहुने हुँदा सोही अनुसार कार्ययोजना बनाइ खर्च गर्नु पर्ने ।

(च) विशेष अनुदान स्वरुप प्राप्त हुने अनुदान रकम एउटा आयोजनामा मात्र खर्च नगरी विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उल्लेखित क्षेत्रमा समेत खर्च गर्नुपर्ने ।

(छ) विनियोजन ऐन, २०७५ को दफा ४ को उपदफा (११) बमोजिम समपूरक र विशेष अनुदान वापत नेपाल सरकारबाट हस्तान्तरण भई आएको रकम २०७६ असार मसान्तसम्ममा खर्च नभएमा सम्बन्धित स्थानीय तहले कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघीय संचित कोषमा दाखिला गर्नु पर्ने ।

(ज) आयोजना कार्यान्वयन गर्दा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ को उपदफा (२) र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ को उपदफा (२) बमोजिम नेपाल सरकार वा प्रदेश सरकार र स्थानीय तहहरुले अन्य श्रोतबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम र हाल संचालनमा रहेका आयोजना/कार्यक्रम सँग दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नुपर्ने ।

(झ) कार्यान्वयन गरिने आयोजनाहरु समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ९ को उपदफा (२) र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ८ को उपदफा (२) बमोजिम उपभोक्ता समिति मार्फत खर्च गरी संचालन गर्न नहुने ।